नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

श्री प्रधानसम्पादक/सम्पादकज्यू

मिति २०७४।१०।१० गते दिनको अंदाजी १५:३० बजेको समयमा प्रहरी चौकी ईनर्वाबाट खटीएको प्रहरी टोलिले भारतबाट पैदल हिडी विरगंज तर्फ आईरहेको अवस्थामा विकाश कुमार भन्ने विक्रम कुमारको शरीर खानतलासी गर्दा बरामद भई आएको नेपाली रुपैयाँ जम्मा रु.१०,००,०००।- (दश लाख मात्र) र उक्त रकम ल्याउने भारतीय नागरिक विकाश कुमार भन्ने विक्रम कुमारलाई आवश्यक कारवाहीको लागि पठाईएको भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय पर्सा विरगंजको च.नं. ९४५५ मिति २०७४।१०।११ गतेको उजुरी उपर जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादीले बरामदित गैरकानूनी स्रोतको रकम प्राप्त गर्ने, लुकाउने, धारण गर्ने र स्थानान्तरण (Placement) का लागि गैर कानूनी विधि र प्रकृया अपनाउने समेतको कार्य गरेको तथ्य पुष्टी हुन आई निजको उक्त कार्य सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (दोश्रो संसोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क)(ख) र (ग) बमोजिमको निषेधित कार्य भई सम्पत्ती शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) र दफा ३(३) बमोजिमको कसूर गरेको तथ्य स्थापित एवं पुष्टी हुन आएकोले प्रतिवादी विकास कुमार भन्ने विक्रम कुमारलाई बरामदित विगो रु १०,००,०००।- (दश लाख) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (दोश्रो संसोधन सहित) को दफा ३०(१) बमोजिम विगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय हुनका साथै सोही ऐनको दफा ३४(१)(क) बमोजिम बरामद गरिएको सम्पत्ति रु १०,००,०००।- (दश लाख) जफत गरी पाउन अभियोग मागदावि लिई आज मिति २०७५/४/४ मा सम्मानित विशेष अदालत काठमाडौंमा अभियोग पत्र दायर गरिएको छ ।

प्रवक्ता/सूचना अधिकारी